# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
# मासिक कार्यसम्पादन पत्र

महिना : मे २०२५ वर्ष :४ अकं : ५


## १ : विश्वव्यापी आवधिक समिक्षा (चौथो चक्र)को प्रतिवेदन सम्बन्धी राष्ट्रिय कार्यशाला सम्पन्न :




मे २९ र ३० : सातवटा प्रदेशका बालबालिकाहरूको प्रतिनिधित्व गर्दै जेष्ठ १५ र १६ गते बाल अधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षासम्बन्धी राष्ट्रिय कार्यशाला सम्पन्न भएको छ ।

नेपालको संविधान र बालबालिका सम्बन्धि ऐन, २०७५ ले बालबालिकाको सहभागिताको अधिकार सुनिश्चित गरेको छ, जसले संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धि (सिआरसी) लगायतका अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धि महासन्धिहरूसँग मेल खान्छ ।

यस पृष्ठभूमिमा, कन्सोर्टियम-नेपालले जसको सवाल उसको सहभागिताको सिद्धान्तलाई अंगिकार गर्दै नेपालको विश्वव्यापी आवधिक समिक्षा (युपिआर) को चौथो चक्रमा बालबालिकाद्वारा नेतृत्व गरि प्रतिवेदन लेखनको सुरुवात गरेको छ । विश्वव्यापी आवधिक समिक्षा अन्तर्गत प्रत्येक ४ र ५ वर्षमा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरूको मानवअधिकार स्थितिको समीक्षा गर्दछ ।

यो पहलले बालबालिकालाई स्थानीय, प्रादेशिक र राष्ट्रिय तहमा बालअधिकारसम्बन्धी प्रगतिको मूल्यांकन गर्न, कमजोरीहरू पहिचान गर्न, र प्रमुख बालअधिकार मुद्दाहरूमा आफ्नो दृष्टिकोण अभिलेख गर्न अवसर प्रदान गरेको छ ।

देशका ७ वटै प्रदेशबाट छानिएर आएका २५ बालबालिकाहरुले ४० भन्दा बढि स्थानिय तहमा ७ सयभन्दा बढी बालबालिकासँग बाल संरक्षण, बाल विकास, बाल सहभागिता, बाल विवाह लगायत बाल अधिकारसम्बन्धी विभिन्न विषयमा छलफल गरिएर आएका विषयमा थप छलफल गरिएको थियो ।

यसरी आएका बाल अधिकारका सवालहरुलाई राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिका सभापति, माननीय, ठाकुर गैरे, राष्ट्रिय मानवअधिकार आयोगका सदस्य माननीय लिलि थापा, राष्ट्रिय योजना आयोगका सदस्य माननीय गिता कुमारी पौडेल, लगायतका अतिथीहरु समक्ष बालबालिकाहरुले प्रस्तुत गरिका थिए ।

अब कार्यशालाको समापनपछि बाल अधिकार प्रवर्द्धनका लागि संकलित सुझावहरू समेट्दै बालबालिकाहरु प्रतिवेदन लेखनमा जुट्नेछन् ।


कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

## २. बालबालिकाको नागरिक स्थान बारे छलफल सम्पन्न :



२० मे २०२५ : कन्सोर्टियम नेपालले गैर सरकारी संस्था महासंघ नेपालको सहकार्यमा बालबालिकाको नागरिक स्थान बारे अधारपत्र तयार पार्दैछ । यसै सन्दर्भमा, काठमाडौंमा बालबालकिाहरुसँग छलफल सम्पन्न गरेको छ । बालबालिकाहरुको नागरिक स्थानसँग सम्बन्धित प्रश्नावलिमा बालबालिकाहरुले समुहकार्य मार्फत आफ्ना चुनौती र अवसरबारे प्रस्तुति गरेका थिए ।

प्रस्तुतीमा, घरको पारिवारिक योजनामा बालबालिकाको सहभागितालाई प्राथमिकता नदिनु, विभिन्न कार्यक्रममा सहभागि भईरहदा प्रोत्साहन अभाव, विद्यालय व्यवस्थापन समितिमा बाल सहभागिताको कमि, अतिरिक्त कृयाकलापको कमि, बालबालिकाले गरेको कार्यक्रममा समाजको बेवास्ता, बालबालिकाको सहभागितालाई सुनिश्चिततामा कमि, स्थानीय बाल अधिकार समतिमा अर्थपूर्ण बाल सहभागिताको कमि जस्ता समस्याहरु अघि सारेका थिए ।

## ३. विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन लेखन प्रकृयामा हरवा-चरवा समुदायका बालबालिका :



२६ मे २०२५ : कन्सोर्टियम नेपालले बालबालिकाको नेतृत्वमा तयार गरिने विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदनमा सहजीकरण गरिरहेको छ ।

यसै प्रकृयामा रहेर हरवा-चरवा समुदायका बालबालिकाहरुसँग विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदनबारे छलफल सम्पन्न भएको छ । छलफलमा छात्रवृद्धि नपाएको, श्रमको रुपमा काम गर्न परेको, जन्म दर्तामा सदस्या जस्ता सवालहरु अगाडि सारेका थिए । अब यी सवालहरु समेट्दै हरवा चरवा समुदायका बालबलिका पनि प्रतिवेदन लेख्ने प्रकृयामा सहभागिता जनाउनेछन् ।



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

### सदस्य संस्थाका गतिविधिहरु

### ४. सातै प्रदेशका बालबालिकाको राष्ट्रिय भेलाबाट नेपाल सरकारलाई बुझाए सुझाव पत्र :




मिति २०८२ जेष्ठ १५ र १६ गतेः कन्सोर्टियम नेपालको संयोजनमा काठमाडौंमा सम्पन्न ७ प्रदेशका बालबालिकाको राष्ट्रिय भेलाले बालबालिकासँग सम्बन्धित विविध सवालमा छलफल गरी साझा अवधारणा तयार पारेको छ । नेपाल सरकारले मुलुकी अपराध संहिता २०७४ संशोधनको तयारी गरिरहेको र यसको प्रस्तावित मस्यौदा सुझावका लागि सार्वजनिक भएको जानकारी प्राप्त भएसँगै संसदमा पेस गरिएको संशोधन प्रस्तावमा बालबालिकाहरूको ध्यानाकर्षण भएको हो । बालविवाहले बालबालिकाको अधिकारलाई प्रत्यक्ष असर पार्ने भएकाले, संशोधन हुन लागेको कानुनमा बालबालिकाको तर्फबाट लिखित महत्त्वपूर्ण सुझावहरू समावेश गरियास् भनी जोडदार माग गरेका छन् ।

छलफलबाट आएका बुदाँहरुलाई बालबालिकाहरुले राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिका सभापति, माननीय, ठाकुर गैरे, राष्ट्रिय मानवअधिकार आयोगका सदस्य माननीय लिलि थापा, राष्ट्रिय योजना आयोगका सदस्य माननीय गिता कुमारी पौडेललाई हस्तान्तरण पनि गरेका छन् ।

### १. बालबालिकामैत्री सेवा सुधारका लागि बाल कचहरी सम्पन्न :




८ जेष्ठ सप्तरी- बालबालिका केन्द्रित सार्वजनिक सेवा सुधारका लागि खडक नगरपालिकामा 'बाल कचहरी' कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ । सबल नेपाल र सेभ द चिल्ड्रेनको सहकार्यमा संचालित यस कार्यक्रमले बालबालिकाको सरोकारमा आधारित संवादलाई प्राथमिकता दिएको छ ।

नगर बाल सञ्जालका अध्यक्ष शिव शंकर मण्डलको अध्यक्षतामा आयोजीत उक्त कार्यक्रमा विशिष्ट अतिथिको रूपमा नगर उपप्रमुख रीता कुमारी चौधरी रहेका थिए भने अन्य अतिथिको रुपमा प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनु, सेभ द चिल्ड्रेनका वरिष्ठ परियोजना संयोजक मकर बहादुर साकी, शिक्षा अधिकृत बीरेन्द्र कुमार यादव, सामुदायिक बिधालयका प्रधानाध्यापक, सरोकारवाला निकायका प्रतिनिधिहरु र स्थानीय गैसस प्रतिनिधि लगायत ११ वटा वडाका बालबालिका गरी जम्मा १०५ जनाको उपस्थिती रहको थियो । उक्त



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

अबसरमा बालबालिकाहरुले सार्वजनिक सेवामा देखिएका चुनौती, कमीकमजोरी, र बालमैत्री वातावरणको अभावबारे स्पष्ट धारणा राख्दै सुधारका लागि सुझावहरू प्रस्तुत गरेक थिए । नगर सभाहलमा आयोजना गरिएको कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख जय प्रकाश चौधरीले बालमैत्री सेवा प्रवाहलाई संस्थागत गर्न प्रतिबद्धता व्यक्त गर्नुभयो ।

### २. बाल क्लबका सदस्यका लागि तालिम सम्पन :

११ जेष्ठ, सप्तरी : बालअधिकारको संरक्षण तथा प्रवर्द्धनमा बालबालिकाको सक्रिय सहभागिता सुनिश्चित गर्न अभियान, वकालत र डिजाइनसँग सम्बन्धित ज्ञान र सीप अत्यावश्यक छन् ।यही उद्देश्यका साथ, २०७५ साल जेठ १० देखि १२ गतेसम्म तीनदिने प्रशिक्षण तालिम सबल नेपालको आयोजनामा र जिल्ला बाल क्लब सञ्जाल सप्तरीको समन्वयमा आयोजित गरिएको थियो ।

उक्त तालिमबाट सहभागीहरूले अभियान र वकालतको अवधारणाबारे राम्रो बुझाइ र व्यवहारिक सीप हासिल गरेका छन् । प्रशिक्षणपछि बाल सञ्जालका सदस्यहरू अझ सक्रिय र आत्मविश्वासी देखिएका छन् । आफ्ना समुदायका समस्याहरू पहिचान गरी समाधानका सन्देशहरू प्रवाह गर्ने प्रतिबद्धता जनाएका छन साथै प्रशिक्षणले सहभागीहरूको समूहमा काम गर्ने क्षमता, सार्वजनिक रूपमा बोल्ने सीप तथा योजना बनाउन सक्ने क्षमतामा वृद्धि गरेको छ । तालिममा सप्तरी जिल्लाका १८ वटा नगरपालिकाबाट प्रतिनिधित्व गर्दै जिल्ला बाल क्लब सञ्जालका जम्मा २३ जना सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो ।

### ३. स्थानीय योजना निर्माण प्रकृयामा बालबालिका :




युवालयको आयोजनामा बाल क्लव का पदाधिकारीहरु लाई बाल अधिकार, प्रभावकारी संचार र सहजीकरण सिप बारे ३ दिने प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको छ । कार्यक्रम पर्सागढी नगरपालिका र ललितपुर महानगरपालिकामा समपन्न भएको हो ।

त्यस्तै ललितपुरको कोन्ज्योसोम गाँउपालिका महिला, बालबालिका तथा समावेशी उपशाखाको आयोजना र युवालयको सहयोगमा बाल भेला सम्पन्न भएको छ । भेलामा कोन्ज्योसोम गाँउपालिका अध्यक्ष कृष्णमान लामा, उपाध्यक्ष राजन प्रसाद घिमिरे, प्रमुख प्रशासकिय अधिकृत गोपाल प्रसाद दुलाललाई पालिकाका बालबालिकाले योजना छनोट गरि आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यकम र बजेटमा समावेश गर्नको लागि हस्तानतरण गरेका थिए । बाल



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

भेलाको सहजीकरण युवालयका कार्यक्रम अधिकृत अभिनाश कार्की र पालिकाको बाल कल्याण अधिकारी सपना तामाङले गरेका थिए ।

त्यस्तै, पर्सा जिल्लाको पर्सागढी नगरपालिकाको आयोजना युवालयको सहयोगमा पालिका स्तरीय बाल भेला सम्पन्न भएको छ उक्त भेलाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नको लागि हस्तानतरण गरेका थिए भने भेलाको सहजीकरण बाल अधिकारकर्मी राम प्रवेश शाह र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख शोभा मल्लिक ले गरेका थिए ।

## कन्सोर्टियम नेपालले मे २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क.सं | कार्यक्रम | आयोजक |
|---|---|---|
| १. | People's Forum on Sagarmatha Sambad | KIRDARC |
| २. | Discussion Program on Amendment to Child Related Provisions in Criminal Code 2017 | Voice of Children |
| ३ | संघ संस्था सम्बन्धी कानुन संसोधन एकिकरणको विधेयक बारे छलफल | CSO's coalition for civic space |

Consortium Nepal received a Token of Appreciation from the NGO Federation of Nepal during their On-boarding Ceremony and Strategy Launch. Consortium Nepal is proud to collaborate with the Federation in advancing Child Rights in Nepal.

Recognizing Consortium Nepal's effort in ensuring Children's Civic Space, advancing child rights movement in Nepal, and tirelessly working for children's rights to participation in Nepal.




कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal